नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि बिभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
शीतोष्ण बागवानी विकास केन्द्र
मार्फा, मुस्ताङ

फोन नं / फ्याक्स - ०६९-४०००३४
Email- thdc.marpha@gmail.com
Website: thdcmustang.gov.np

पत्र संख्याः-२०८०/०८१
चलानी नंः-

**विषयः- सिलबन्दी दरभाउ पत्र आव्हान सम्वन्धी सूचना !!**

(सूचना नं.४.२०८०/०८१) पहिलो पटक प्रकाशित मिति २०८०/०५/१७

यस केन्द्रको आ.व. २०८०/०८१ को सिजनमा ए व्लकको कार्यालय भवन अगाडी तथा बि, सि र डी चारै वटै व्लकहरुमा उत्पादित रोयल डेलिसियस, रेड डेलिसियस, रिचारेड डेलिसियस स्याउ फलको बिक्रि वितरण गोप्य सिलबन्दी दरभाउ पत्रद्वारा गर्नुपर्ने भएकाले सिलबन्दी सकार गर्न चाहाने इच्छुक व्यक्तिले निम्न अनुसारको शर्तको अधिन एवं परिधि भित्र रही यस केन्द्रबाट उपलब्ध गराईने रु १०००/- (एक हजार) को फारम खरिद गरी गोप्य सिलबन्दी दरभाउ पत्र यस केन्द्रमा सूचना प्रकाशन भएको मितिले सोह्रौं दिनको १२ वजे भित्र पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि यस सूचना प्रकाशित गरिएको छ।

- सिलबन्दी फारम रु १० को टिकट टाँसी निवेदन दिई रु १०००/-(पछि फिर्ता नहुने गरी) को नगदी रसिद काटी यस केन्द्रबाट प्राप्त गर्न सकिने छ।
- आफुले सकार गरेको कुल अंकको २५% रकम धरैटी स्वरुप जिल्लाको ने.बै.लि.जोमसोम स्थित क २.३ धरैटी खाता नं. ०६८०१०००००२००३००००१ मा जम्मा गरेको सक्कल दोश्रो प्रति भौचर फारम साथ राखि नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि सहित सिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्ने छ।
- सिलबन्दी फारम खरिद गरेको नगदी रसिद दरभाउ पत्र संगै संलग्न गरि राख्नु पर्नेछ।
- सिलबन्दी फारम सूचना प्रकाशित मितिले १५ दिन (२०८०/०५/३१) सम्म कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ।
- सिलबन्दी दरभाउ पत्रको १६ (सोह्रौं) दिनको मिति २०८०/०६/०१ गतेए १२.०० बजे भित्र यस केन्द्रको प्रशासन शाखामा दर्ता गरी सक्नुपर्नेछ र उक्त सिलबन्दी दरभाउपत्र सोही दिनको २.०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रमा खोलिने छ। सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा उक्त कार्य हुनेछ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।
- सिलबन्दी दरभाउ पत्रमा सकार गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अङ्कमा केरमेट भएमा अक्षरमा उल्लेख भएकोलाई मान्यता दिईने छ।
- सिलबन्दी दरभाउ पत्र खामबन्दी गरी खाम बाहिर स्याउ फलको सिलबन्दी पत्र भनी उल्लेख गर्नु लाहाछाप लगाई पेश गर्नु पर्ने छ।
- सिलबन्दी दरभाउ पत्र कुनै पनि कारण जनाई सम्पुर्ण ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा निहित रहने छ। नियमानुसार लाग्ने करहरु र स्थानीय स्तरमा लाग्ने करहरु ठेकेदारले आफै व्यहोनु पर्नेछ।
- सिलबन्दी दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र २५% धरौटी रकम बाहेक डाँक सकार गरेको बाँकी ७५% रकम ने.बै.ली. जोमसोम शाखा बैंक खाता नं. ००१०१००००००००१००१००१ ,कार्यालय कोड नं. ३१२०१४१०१, राजस्व शीर्षक नं. १४२११ मा जम्मा गरी सक्कल भौचर सहित सम्झौता गर्न आउनु पर्नेछ।
- समयमै सम्झौता गर्न नआएमा नियमानुसार धरौटी जफत गरी आवश्यक कारवाही अगाडी वढाईने छ।
- सिलबन्दी दरभाउपत्र स्वीकृत भै बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरी सकेपछि मात्र ताजा स्याउ फल टिप्न कार्यादेश दिईने र फल निकासी हुन दिईने छ।
- यस केन्द्रको ए व्लकको कार्यालय भवन अगाडीको, बि, सि तथा डी व्लक भित्र रहेका रोयल डेलिसियस, रेड डेलिसियस, रिचारेड डेलिसियस बाहेक अन्य स्याउको फल ठेक्का सकार गर्नेले दाबी गर्न पाउने छैन। ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि बगैचाको सुरक्षाको आवश्यक व्यवस्था ठेकेदार स्वंयमले मिलाउनु पर्नेछ।
- क्रेव स्याउ, गोल्डेन स्याउ तथा वि व्लकमा रहेको स्याउको उच्च घनत्व बगैचाका स्याउहरु केन्द्रले सुरक्षित वा छुट्याई राख्ने छ। सो छुट्याईएको स्याउको वोटबाट उत्पादित स्याउ फल ठेक्का सकार गर्नेले दाबी गर्न पाउने छैन।
- सिलबन्दी दरभाउ पत्र स्वीकृत पश्चात कुनै किसिमको दैवि प्रकोपबाट फलको क्षती भएमा क्षतीपूर्ती दावी गर्न पाईने छैन र बोट एंव स्याउ फलको संरक्षणको लागि आवश्यक सम्पुर्ण व्यवस्था सिलबन्दी सकार गर्ने व्यक्ति आफैले आफ्नै खर्चमा गर्नु पर्नेछ।
- स्याउ फलमा लागेको डाँठ ( भेट्ना ) भाग नबिगारी फल टिप्ने र टिप्ने क्रममा स्याउका बोटहरुमा अनावश्यक रुपमा हाँगा भाँची बोटलाई कुनै पनि किसिमको नोक्सानी पुऱ्याउन पाईने छैन। हानि नोक्सानी हुन गएमा केन्द्रले गरेको मूल्यांकन बमोजिमको क्षतिपूर्ती ठेकेदारले व्यहोर्नु पर्ने छ।
- केन्द्रले बगैचा भित्र गर्नु पर्ने आवश्यक प्राविधिक कार्यहरुमा ठेकेदार पक्षबाट बाधा पऱ्याउन पाईने छैन।
- यसमा उल्लेख नभएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन २०६८) अनुसार एवं प्रचलित ऐन नियम अनुसार हुनेछ।
- स्याउ फलको न्युनतम ईस्टिमेट मुल्य रु ५,५०,०००/- (अक्षरुपी पाँच लाख पचास हजार) मात्र कायम गरिएको छ।
- कार्यालयले तोकेको समय अवधि भित्र सम्पुर्ण स्याउ फल टिपिसक्नु पर्नेछ। स्याउको प्याकेजिङ गर्दा शीतोष्ण वागवानी विकास केन्द्र मार्फा, मुस्ताङ लेखिएको कार्टुन प्रयोग गर्नुपर्नेछ।
- सिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र सम्पर्क गरी जानकारी लिन सकिने छ।

विनय वावु कोइराला
बागवानी विकास अधिकृत